# लंगुरठाकुर सामुदायिक वन उपभोक्ता समूह

तीनपाटन गा.पा.वडा नं. ०५, सिन्धुली

## गोलीया काठ/दाउरा बोलपत्र मार्फत लिलामद्वारा बिक्रीको सूचना

### पहिलो पटक प्रकाशित मिति (२०८३-०४/२२)

यस समूहको स्वीकृत वन कार्य योजना अनुसार यस समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन भई उत्पादन भएका काठ/दाउरा मध्ये जि.व.पै.आ.समितिलाई छुट्टयाईएको तपसिलमा उल्लेखित जात परिमाणको काठ/दाउरा समूहले पुनःफिर्ता पाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम् मूल्यांकन दरमा नघटाई सिलवन्दी बोलपत्र द्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका उद्योगले यो सूचना आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/२२ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पु-याई बोलपत्र पत्र दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

| क्र. स. | लट नं. | जात | ग्रेड | थान | क्यू.फिट,चट्टा | प्रति क्यू.फि.,चट्टा | न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | जम्मा थान | जम्मा क्यू.फि. | घाटगद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | ८ | १०१.९७ | १२५०।०० | १२७४६२।५० | ५८५०९७५० | ८७ | ७३२.५९ | दु.न.पा.वडा नं. २,गैरी | |
| | | साल | B | १६ | २६४.२१ | ९००।०० | २३७७८९।०० | | | | | |
| | | साल | C | ६३ | ३६६.४१ | ६००।०० | २१९८४६।०० | | | | | |
| २ | २ | साल | A | २० | २७४.५० | १२५०।०० | ३४३१२५।०० | ७००४३४।०० | ८० | ७३७.८१ | | |
| | | साल | B | २५ | २६४.४१ | ९००।०० | २३७९६९।०० | | | | | |
| | | साल | C | ३५ | १९८.९० | ६००।०० | ११९३४०।०० | | | | | |

२.बोलपत्र फाराम रु.१०००।- तिरी (पछि फिर्ता नहुनेगरी)यस सामुदायिक वन उपभोक्ता समूह,डिभिजन वन कार्यालय, सिन्धुली बाट मिति २०८३/०४/२२ गते देखि २०८३/०५/११ गते सम्म खरिद गर्न सकिनेछ ।

३. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय २०८३/०५/१२ गते दिनको १२:०० बजे माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ

४.बोलपत्र साथ कबोल गरेको रकमको १०(प्रतिशत) ले हुन आउने रकम धरौटी वापत यस समूहको रा.वा.बैंक सिन्धुलीमा रहेको चल्ती हि.न. १०६०१०००० ६५५०००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस समूहले रा.वा.बैंक सिन्धुली बाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको ड्राफ्ट समावेश गरी पेश गर्नुपर्ने छ ।

५.डिभिजन वन कार्यालय सिन्धुलीबाट बिक्री तथा दाखिला भएका बोलपत्रहरु बिक्री गर्ने डिभिजन वन कार्यालय, सिन्धुलीबाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार माथी उल्लेखित घाटगद्धि भएको स्थानमा आई हेर्न सकिने छ ।

७. मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको काटको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका सःमिल उद्योगले मात्र बोलपत्र खरिद गरी लिलाम प्रकृयामा भाग लिन पाउनेछ ।

८. रित पूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु यस समूहको कार्यालयमा , सम्बन्धित सब डिभिजन वन कार्यालय का प्रतिनिधि र बोलपत्रपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरि पेश गर्नु पर्ने छ । केर मेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ।

११. बोलपत्र दाताले बोलपत्र शिलबन्दी गरेको खामको बायां तर्फबाट नाम, ठेगाना लेखि फर्मको छाप समेत लगाई खामको दायां तर्फबाट अध्यक्षलाई सम्बोधन गरी साकार गर्ने लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

१२. म्याद नाघि रित नपु-याई वा शर्त राखी वा अन्य कुनै पनि तरिका बाट आएको बोलपत्र उपर कारवाहि गरिने छैन ।

१३. बोलपत्र दाखिला र खोलीने दिन बिदा पर्न गएमा सो कार्य सो को भोलीपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुने छ ।

१४.लिलाम स्वीकृत भएको मितिले ४५ दिन भित्र साकार गरेको रकम, मूल्य अभिबृद्धि कर,सङ्लन खर्च समेत बुझाई काठ/दाउरा उठाई लैजानु पर्ने छ ।

१५.बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहने छ ।

१६.काठ संकलन, घाटगद्दी तथा ढुवानी खर्च वापतको रकम काठ/ क्यू.फिट रु ३०५।- को दरले छुट्टै जम्मा गर्नु पर्ने छ।

१७.विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

लिला बहादुर घुलानी
अध्यक्ष